# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETINS

**BROADCAST 18.40HRS** **DATE:26.03.2024**

---

**BJP**

भारतीय जनता पार्टी BJP ले केन्द्रीय चुनाउ समितिले आज सिक्किम विधानसभा चुनाउका लागि नौजना उम्मेदवारहरूको आफ्नो दोस्रो सूची जारी गरेको छ। प्रदेश बीजेपीद्वारा जारी प्रेस विज्ञप्ती अनुसार गेजिङ बर्मेकवाट श्री भीम कुमार शर्मा, नाम्ची सिंगिथाङवाट श्रीमती अरूणा मगर, मल्लीवाट श्री योगेन राई, तुमिन लिंगिवाट श्री फूर्बा रिन्जिङ शेर्पा र वेस्ट पाण्डामवाट श्री भूपाल बराइलीले चुनाउ लड्नुहुनेछ भने स्यारीवाट श्री छेवाङ डाडुल भुटिया, अप्पर तादोङवाट श्री निरेन भण्डारी र गान्तोकवाट श्री पेमा वाङगेल रिन्जिङ पार्टीका उम्मेदवार हुनुहुन्छ।

**CAP**

सिटिजन एकशन पार्टी, सिक्किमका मुख्य संयोजक श्री गणेष कुमार राईले विधानसभा चुनाउ मल्ली र छुजाचेन निर्वाचन क्षेत्रवाट लड्नु हुनेछ। पार्टीले आज उम्मेदवारहरूको तेस्रो सूचीमा तेह्जनाको नामको घोषणा गरेको छ। उहाँहरू हुनुहुन्छ पूजन खड्का (छेत्री), मानेबुङ देन्ताम श्री प्रकाश पराजुली, रिन्चेनपोङ दावा ओङदी लेप्चा, बर्फुङ श्री सोनाम डाडुल लेप्चा, पोकलोक कामराङ सञ्जू राई, तिमि नाम्फिङ विकास शर्मा, राङगाङ याङथाङ श्री अनिल कुमार नेपाल, तुमिन लिङ्गि पेमा ग्याल्पो भुटिया, वेस्ट पाण्डाम डा. मदन कुमार शिवशङ्कर, स्यारीवाट श्री सोनाम छिरिङ लेप्चा र मार्ताम रूम्तेकवाट श्री कर्मा छिरिङ भुटिया। सिटिजन एकशन पार्टीले अहिलेसम्म तीसवटा विधानसभा समस्टिका लागि उम्मेदवारहरू घोषित गरेको छ।

**SDF**

सिक्किम प्रजातान्त्रीक मोर्चा, SDF पार्टीले संसदीय बोर्डद्वारा घोषित उम्मेदवारहरूको सूचीमा केही परिवर्तन गरेको छ। संशोधित सूची अनुसार रिञ्चेनबोङवाट पार्टीको टिकटमा श्री नोरदेन भुटियाले र रिनाकवाट श्री सोमनाथ पौड्यालले विधानसभा चुनाउ लड्नुहुनेछ। यसै गरी नाम्चेबोङवाट श्री पवन चामलिङ मानेबुङ देन्तामवाट श्री टी आर खुलाल, गेजिङ बर्मेक- डा. टीका नेपाल, नाम्थाङ रातेपानी श्री सुमन प्रधान र वेस्ट पाण्डामवाट श्री अनूप ठटाल पार्टीका उम्मेदवार हुनुहुन्छ। हिजो मात्र सिक्किम क्रान्तीकारी मोर्चा SKM पार्टीवाट राजिनामा दिएर SDF मा सामेल हुने श्री तेञ्जिङ नर्बू लाम्थालाई स्यारी समस्टिका उम्मेदवार घोषित गरिएको छ।

**Nominations filing**

सिक्किमको एक मात्र लोकसभा सीट र वत्तीस विधानसभा सीटहरूको चुनाउका लागि नामाङ्कन पत्र भर्ने आज चौथो दिन हो। यस क्रममा आज सिक्किम क्रान्तिकारी मोर्चा SKM पार्टीका अध्यक्ष तथा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले सोरेङ च्याखुङ समस्टिवाट मनोनयन पत्र दर्ता गर्नुभयो। सोरेङ जिल्ला प्रशासनिक केन्द्रमा जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारीको कार्यालयमा नामाङ्कन बुझाउने अरू उम्मेदवारहरूमा सिटिजन एकशन पार्टीका दुइजना, सालघारी जूम समस्टिवाट श्री कौशल लोहागण र दरमदिनवाट श्री पेम दोर्जी शेर्पा सामेल हुनुहुन्छ। गेजिङ जिल्ला निर्वाचन अधिकारीको कार्यालयमा आज तीनजना प्रत्याशीहरू मानेबुङ देन्तामवाट भारतीय जनता पार्टीका श्री नरेन्द्र कुमार सुब्बा यसै निर्वाचन क्षेत्रवाट स्वतन्त्र उम्मेदवार श्री दीप्रेन्द्र गुरूङ र गेजिङ बर्मेक समस्टिवाट स्वतन्त्र उम्मेदवारको रूपमा श्री खुसेन्द्र प्रसाद शर्माले मानोनयन पत्र दर्ता गर्नुभयो। नाम्ची जिल्ला प्रशासनिक केन्द्रीय स्थित निर्वाचन अधिकारी कार्यालयमा नामाङ्कन बुझाउने दुईजना उम्मेदवारहरू हुनुहुन्छ मल्ली समस्टिवाट सिटिजन एक्शन पार्टी सिक्किमका श्री गणेष राई र स्वतन्त्र उम्मेदवार श्री रूपेन कार्की। पाकिमका जिल्ला निर्वाचन अधिकारीको कार्यलयमा मनोनयन फारम भर्ने एक मात्र प्रत्याशी हुनुहुन्छ नाथाङ माचोङ मसस्टिवाट सिक्किम प्रजातान्त्रिक मोर्चा SDF का श्री छिरिङ वाङदी लेप्चा। मंगन जिल्ला प्रशासनिक केन्द्रमा आज मनोनयन पत्र बुझाउने चारजना उम्मेदवारहरू कावी लुञ्चोकवाट SDF का श्री नवो छोपेल लेप्चा लाचेन मंगनवाट SDF कै श्री हिस्से लाचुङपा अनि जंगु निर्वाचन क्षेत्रवाट SDF का श्री सोनाम ग्याछो लेप्चा र सिटिजन एकशन पार्टीका श्री जोर्बु छिरिङ लेप्चा हुनुहुन्छ। भोलि नामाङ्कन पत्र दर्ता गर्ने अन्तिम दिन हो।

**Bike rally**

गेजिङ जिल्लामा व्यवस्थित मतदाता शिक्षा तथा मतदाता सहभागिता SVEEP सम्वन्धी गतिविधिहरूमाथि जागरूकता ल्याउनका लागि आज मोटर वाइक ऱ्याली आयोजित गरियो। कञ्चनजंघा मोटरसाइकल क्लबसित मिलेर यसको आज गेजिङ जिल्ला प्रशासनले गरेको थियो। कञ्चनजंघा मोटर साइकल क्लब योक्सम का पैंतिसजना र अतिथि बाइकसवारहरूसँगै गेजिङका जिल्लाधीश श्री एम भरनी कुमार पनि ऱ्यालीमा सहभागी हुनुभयो। गेजिङ बजारवाट आरम्भ भएको ऱ्याली सरकारी उच्चतर माध्यमिक विद्यालय बोङतेन पेलिङ र दरपथाङ निम्न माध्यमिक पाठशालाहुँदै रिम्बिमा पुगेर टुङ्गियो। ऱ्यालीको माध्यमले जिल्लाका चारवटा समस्टि गेजिङ बर्मेक मानेबुङ देन्ताम, याङथाङ र योक्सम टाशीडिङ समेटेर क्षेत्रका मतदाताहरूमा चुनाउमा सहभागी बन्नका लागि सचेत गराउनका साथै युवाहरूलाई प्रोत्साहित गरियो। कञ्चनजंघा मोटरसाइकल क्लब योक्समका अध्यक्षको भनाइमा चुनाउ प्रक्रियामा युवाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नु र स्वस्थ्य जीवनशैली अप्नाउनमा युवाहरूलाई प्रोत्साहित गर्नु ऱ्याली आयोजनाको मुख्य उद्देश्य हो।

**RAA study tour**

शिक्षा विभागको समग्र शिक्षा पहलको एक भागको रूपमा रास्ट्रिय आविस्कार अभियान अन्तर्गत प्राथमिक र माध्यमिक स्तरका विद्यार्थीहरूका लागि अध्ययन भ्रमणको व्यवस्था गरिएको छ। जिल्ला शिक्षा कार्यालय सोरेङवाट आज यी छात्र छात्राहरूलाई प्रस्थान गराइयो। शिक्षकहरूसँग प्राशमिक स्तरका जम्मा अन्ठानब्बे र माध्यमिक स्तरका साठीजना विद्यार्थीहरूले दुई दिन राज्य भित्रका विभिन्न महत्वपूर्ण स्थलहरूको भ्रमण गर्नेछन्। रास्ट्रिय आविस्कार अभियानको उद्देश्य विद्यार्थीहरूलाई पारम्परिक कक्षा परिवेशदेखि उता वाज्ञान, गणित र प्रौद्योगिकी सिक्ने अवसर प्रदान गर्नुरहेको छ।